# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, ज्येष्ठ १८ गते २०३० साल [ अतिरिक्ताङ्क १२

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

राष्ट्र ऋण ऐन २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्र ऋण नियमहरू २०२० को नियम ४ को उप-नियम (१) बमोजिम राष्ट्र ऋण उठाउन ऋण पत्र निष्काशित गरेको छ ।

सो ऋणपत्रको जम्मा मूल्य, भुक्तानि अवधि, ब्याजको दर, ब्याज भुक्तानी समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ ।

१. ऋणको नाम:– यस ऋणको नाम विकास ऋण २०४० रहेको छ ।

२. ऋणको उद्देश्य:– विभिन्न विकास योजनाहरूलाई चाहिने खर्च पूर्ति गर्नको लागि यो ऋण उठाइएको छ ।

३. निष्काशित ऋणको रकम:– यो ऋणको जम्मा रकम रु. ५,००,००,०००।– (रु. पाँच करोड मात्र) को हुनेछ ।

४. ऋणको व्ययभार:– यो ऋणको व्ययभार श्री ५ को सरकारको संचित कोषप्रति हुनेछ ।

५. ऋण पत्रको प्रकार:– यो ऋणको ऋणपत्र कम्तीमा रु २५।– वा २५।– को (MULTIPLE) २५ ले भाग गर्दा निशेष हुने अंकको स्टक वा २५।– ५०।– १००।– १,०००।– १०,०००।– वा १,००,०००।– दरको प्रमिसरी नोटको रूपमा लिन पाइनेछ ।

६. ऋण पत्र बिक्री अवधि:– यो ऋणपत्रहरूको बिक्री अवधि २०३० साल ज्येष्ठ १८ गते देखि ऐ. मसान्तसम्मको हुनेछ तर आवश्यक देखिएमा ज्येष्ठ मसान्त अगावै पनि बिक्री बन्द गर्न सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. ऋणपत्रको विक्री मूल्यः— ऋणपत्रमा उल्लेख गरेबमोजिम पूरापुर मूल्यमा ऋणपत्रहरु विक्री हुनेछ ।

८. ऋणपत्र खरिद गर्ने दरखास्त दिनुपर्नेः—

(१) ऋणपत्र खरिद गर्नको लागि नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचामा राष्ट्र बैंक वा त्यसको एजेण्ट सरह भै काम गर्ने अन्य कार्यालयमा दरखास्त दिन सकिनेछ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त दिंदा जतिको ऋणपत्र खरिद गर्न चाहेको छ त्यसको पूरा रकम सो कार्यालयमा बुझाई त्यसको रसीद दरखास्त साथै पेश गर्नु पर्ने छ ।

(३) दरखास्त फाराम निःशुल्क पाइनेछ ।

९. बढी रकम स्वीकार गर्ने नगर्ने अधिकारः— चाहिएको भन्दा बढी ऋण प्राप्त भएमा त्यसलाई स्वीकार गर्ने नगर्ने अधिकार श्री ५ को सरकारको हुनेछ ।

१०. बाँडफाँड गर्ने अधिकारः— प्राप्त ऋणपत्रहरुको बाँडफाँड गर्ने अधिकार राष्ट्र बैंकलाई प्रदान गरिएको छ ।

११. स्वीकृत नभएको ऋण फिर्ता हुनेः— स्वीकृत नभएको रकम नेपाल राष्ट्र बैंकबाट यथाशिघ्र दरखास्तवालालाई फिर्ता दिइनेछ । यसरी फिर्ता भएको रकममा ब्याज दिइने छैन ।

१२. स्वीकृत ऋणको प्रमाणपत्र दिनेः— स्वीकृत भएको ऋणको प्रमाणपत्र स्टक सर्टिफिकेट वा प्रमिसरी नोटको रुपमा दरखास्तवालाको माग अनुसार दिइनेछ ।

१३. ऋणको ब्याजः— ऋणको ब्याज राष्ट्र बैंक वा सो बैंकका एजेण्ट सरह भै काम गर्ने अन्य कार्यालयले रकम बुझेर लिएको मितिदेखि नै वार्षिक ८½ (साढे आठ) प्रतिशतका दरले दिइनेछ ।

१४. ऋणको साँवाको भुक्तानीः—यो ऋणको साँवाको भुक्तानी २०४० साल ज्येष्ठ मसान्त पछि दिइनेछ ।

१५. ऋणको भुक्तानी दिने ठाउँः— यो ऋणको साँवा र ब्याज दरखास्तवालाको सुविधा अनुसार राष्ट्र बैंक वा त्यसको एजेण्ट मार्फत भुक्तानी दिइनेछ ।

१६. ऋणपत्र सम्बन्धी व्यवस्थाः— यो ऋणको व्यवस्था र तत्सम्बन्धित सबै कारवाई नेपाल राष्ट्र बैंकको राष्ट्र ऋण विभागले गर्नेछ ।

१७. ऋणपत्र खरिद गर्ने अधिकारः— यस ऋणको ऋणपत्रहरु खरिद गर्ने अधिकार जुनसुकै व्यक्तिलाई पनि हुनेछ ।

१८. कर नलाग्नेः— यो ऋणपत्रबाट प्राप्त ब्याजमा कर छुट दिइएको छ ।

१९. ऋण सम्बन्धी कानूनी कारवाईः— यो ऋण सम्बन्धित कानूनी कारवाई प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

आज्ञाले—
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।